# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७९/०८०

कोशी प्रदेश, नेपाल

## गुनासो सुनुवाई अधिकारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/१४)**

यस कार्यालयमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गरिब परिवारको प्रारम्भिक सूची प्रकाशन र उक्त सूची उपर सम्बन्धित परिवार वा अन्य कसैको गुनासो भएमा सो गुनासोलाई सम्बोधन गर्ने कार्यका लागि आवश्यक देहाय बमोजिमको पद करारमा पदपूर्ति गर्नु पर्ने भएकाले तोकिएको योग्यता पुरा भएका इच्छुक उम्मेदवारहरुबाट सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा रीतपूर्वक फाराम भरी दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र. सं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | शैक्षिक योग्यता | दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ०१/०७९/८० | गुनासो सुनुवाई अधिकारी | सहायकस्तर (पाँचौं) | २ (दुई) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । | ७००/- |

**१. सेवाको किसिमः** अस्थायी (करार सेवा) ।

**२. शर्तः** नेपाली नागरिक भएको तथा प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ ।

**२. दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरु :-**(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, (ख) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि, (ग) चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, (घ) आधारभूत कम्प्युटर सीप सम्बन्धी ३ महिनाको तालिमको प्रमाणपत्रको प्रतिलिपि, (ङ) २ (दुई) प्रति पासपोर्ट साइजको फोटो, (च) यस अघि गरिब परिवार पहिचान तथा परिचय वितरण कार्यक्रममा तथ्याङ्क संकलनको लागि खटिएका सुपरीवेक्षक तथा गणकलाई विशेष प्राथमिकता दिइनेछ ।

**३. उमेरको हद :-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ।

**४. दरखास्त दिने अन्तिम मितिः** २०७९।१२।२० गते कार्यालय समय भित्र दरखास्त दिन सकिनेछ ।

**५. परीक्षा दस्तुर बुझाउने प्रक्रिया :-** यस चिशंखुगढी गाउँपालिकाको कुमारी बैंक लिमिटेडमा रहेको आन्तरिक राजश्व खाता नं. **०९२००४८६२५४००००३** मा जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने । (Account Name: CHISANKHUGADI GAUPALIKA-ANTARIK RAJASHWO KHATA GA 1.1 )

**६. परीक्षाको किसिम :-** संक्षिप्त सूची तथा अन्तर्वार्ता परीक्षा ।

**७. परीक्षाको मिति, समय र स्थान :-** दरखास्त पेश गर्ने अन्तिम मितिबाट ७ (सात) दिन भित्र संक्षिप्त सूची प्रकाशन गरिनेछ तथा अन्तर्वार्ता परीक्षा हुने मिति, समय र स्थान सोही दिन तोकिनेछ ।

**७. दरखास्त फाराम बुझाउने स्थानः** चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना ओखलढुंगा अथवा E-Mail मार्फत पनि फाराम भरी आवश्यक कागजात PDF बनाई आवेदन साथ ईमेल मार्फत दरखास्त पेश गर्न सकिनेछ ।

**१०. तलब तथा सेवा सुविधाः** स्थानीय तहको सहायकस्तर पाँचौं तहको वा सो सरहको।

**११. कार्यविवरणः** गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण निर्देशिका,२०७५ तथा गुनासो सुनुवाई मार्गदर्शन, २०७८ बमोजिम हुनेछ ।

**१२. करार अवधिः** बढीमा २ महिना ।

१३. आवेदन स्वीकृत / अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ ।

लोकमणि खनाल
प्रमुख प्रशासकीय अधिकृत

***द्रष्टव्यः- थप जानकारीका लागि चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको फोन नं. ९८५२८५५५६४ / ९८५२८४०७४१ मा सम्पर्क गर्न सकिनेछ । साथै दरखास्त फाराम गाउँपालिकाको website: www.chishankhugadhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।***